# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) हेटौंडा, नेपाल, असार ०९ गते, २०७९ साल (सङ्ख्या ८

## भाग ३

## बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

## हेटौंडा, नेपालको

## सूचना

## प्रदेशस्तरका सञ्चार माध्यमबाट गरिने विज्ञापनको अनुगमन तथा नियमन समितिको गठन तथा काम, कर्तव्य र अधिकार सम्बन्धी कार्यविधि, २०७९

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २३ को उपदफा (२) र (५) ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकार, मन्त्रिपरिषद्ले यो कार्यविधि बनाएको छ।

१. **<u>प्रदेशस्तरका सञ्चार माध्यमबाट गरिने विज्ञापनको अनुगमन तथा नियमन समितिको गठनः</u>** विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २३ को उपदफा (२) बमोजिम समितिको गठन देहाय बमोजिम रहेको छ ।

(क) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -अध्यक्ष

(ख) विज्ञापनदाता, एजेन्सी वा विज्ञापन प्रसारण वा सञ्चार क्षेत्रमा आवद्ध भई अनुभव प्राप्त व्यक्तिहरु मध्येबाट प्रदेश सरकारले समावेशी सिद्धान्तका आधारमा मनोनयन गरेको बढीमा छ जना -सदस्य

२. **<u>प्रदेशस्तरका सञ्चार माध्यमबाट गरिने विज्ञापनको अनुगमन तथा नियमन समितिको काम, कर्तव्य र अधिकारः</u>** विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २३ को उपदफा (३), (४) र (५) तथा नियमावलीको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः

(क) विज्ञापन सम्बन्धमा प्रादेशिक नीति तय गरी आन्तरिक मामिला तथा कानून मन्त्रालयमा सिफारिस गर्ने,

(ख) सञ्चार माध्यमबाट प्रशारण गरिने विज्ञापनको सामग्री परीक्षण गर्न तोकिएको आधारमा मापदण्ड तयार गर्ने,

(ग) विज्ञापन उत्पादन, प्रसारण र वितरण सम्बन्धी आचार संहिता बनाउने,

(घ) प्रदेशस्तरका सञ्चार माध्यमले नभए वा नगरेको कुराको भ्रम फैलाउने, उत्तेजना फैलाउने, अमर्यादित,

भेदभावजन्य वा प्रचलित कानून विपरीत विज्ञापन गरेको नगरेको अनुगमन गर्ने, गराउने,

(ङ) नेपाल सरकार, प्रदेश सरकार, विज्ञापन एजेन्सी, विज्ञापनदाता, सञ्चार माध्यम तथा सरकारी निकाय बीच समन्वय गर्ने,

(च) उपभोक्ता सजगता सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने गराउने,

(छ) प्रदेशस्तरका सञ्चार माध्यमलाई विज्ञापन उत्पादक, निर्माता, वितरक वा प्रसारकलाई विज्ञापन सम्बन्धी निर्देशन दिने,

(ज) प्रदेशस्तरका सञ्चार माध्यमहरुलाई प्रदेश सरकारबाट उपलब्ध गराइने सार्वजनिक हित सम्बन्धी सबै विज्ञापन तोकिएको आधारमा समिति मार्फत समानुपातिक रुपमा वितरण गर्ने,

(झ) प्रदेशस्तरका सञ्चार माध्यमको हकहितको लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयले समय समयमा तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

३. **प्रदेशस्तरका सञ्चार माध्यमबाट गरिने विज्ञापनको अनुगमन तथा नियमन समितिको बैठक र निर्णयः** (१) प्रदेशस्तरका सञ्चार माध्यमबाट गरिने विज्ञापनको अनुगमन तथा नियमन समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको बैठक अध्यक्षको अध्यक्षयतामा बस्नेछ ।

(३) आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना सञ्चार सम्बन्धी विषय हेर्ने महाशाखा प्रमुखले समितिको सचिव भई कामकाज गर्नेछ ।

(४) समितिको कुल सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(६) समितिको बैठकका निर्णय अध्यक्ष र सचिवबाट प्रमाणित हुनेछ।

(७) समितिले आवश्यक देखेमा सम्बन्धित विषयका विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

४. **प्रदेशस्तरका सञ्चार माध्यमबाट गरिने विज्ञापनको अनुगमन तथा नियमन समितिका पदाधिकारीहरुको पारिश्रमिक, सेवा शर्त तथा सचिवालय देहाय बमोजिम हुनेछः**

(क) समितिका सदस्यको पदावधि चार वर्षको हुनेछ ।

(ख) खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजको काम सन्तोषजनक नदेखिएमा वा समितिको हित विपरीत हुने कुनै काम गरेमा वा खराब आचरण व्यक्त भएमा वा कार्यसम्पादन नगरी निष्क्रिय भएमा पदावधि पूरा नहुँदै प्रदेश सरकारले कारण खुलाई जुनसुकै बखत हटाउन सक्नेछ ।

(ग) खण्ड (ख) बमोजिम समितिको सदस्यलाई हटाउनु अघि सफाई पेश गर्ने मनासिब माफिकको मौका दिनु पर्नेछ ।

(घ) समितिका पदाधिकारीहरुले प्रचलित कानून बमोजिम बैठक भत्ता र मनोनीत पदाधिकारीले अनुगमन गर्दा

प्रदेश सरकारका अधिकृतस्तर नवौं तह वा सो सरहका कर्मचारीले पाए सरह दैनिक भ्रमण भत्ता पाउनेछन् । मनोनीत पदाधिकारीको दैनिक भ्रमण आदेशको स्वीकृति समितिको अध्यक्षबाट हुनेछ ।

(ङ) समितिको सचिवालय बागमती प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालयमा रहनेछ ।

(च) समितिको लागि आवश्यक पर्ने कर्मचारी आन्तरिक मामिला तथा कानून मन्त्रालयले उपलब्ध गराउनेछ ।

**आज्ञाले,**
**नारन प्रसाद पोखरेल**
**प्रदेश सरकारको निमित्त सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रु. ५।-